# छार्का ताङ्सोङ गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम-२०८२

## प्रतिवेदन

**सहजीकरण**

**सहमत मिडिया प्रालि**

छार्का ताङ्सोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
कागकोट, डोल्पा
२०८२ बैशाख १९ गते

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd: 2074

# विषय सूची


१. विषय प्रवेश ....................................................................................
२. सार्वजनिक सुनुवाइको उद्देश्य ..........................................................................
३. सार्वजनिक सुनुवाइ कार्यक्रमको तयारी ...........................................................
४. सार्वजनिक सुनुवाइ कार्यक्रम ..........................................................................
५. सार्वजनिक सुनुवाईका सहभागीहरु.................... ...............................................
६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ ..............................................
७. निष्कर्ष ..........................................................................................
८. अनुसूचिहरु ....................................................................................
अनुसूची १ : सार्वजनिक सुनुवाइ कार्यक्रमको सूचना.............................................
अनुसूची २ : सार्वजनिक सुनुवाइ कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता......................
अनुसूची ३ : नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत.................................................
अनुसूची ४ : सार्वजनिक सुनुवाइ कार्यक्रमको कार्यक्रम तालिका..................................
अनुसूची ५ : पालिकाको सेवा प्रवाह र विकास निर्माण..............................................
अनुसूची ६ : सार्वजनिक सुनुवाइ कार्यक्रमका केही तस्वीरहरु.....................................
अनुसूची ७ : कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ.......................................
अनुसूची ८ : कार्यक्रमको उपस्थिति....................................................................


dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd: 2074

## १. पृष्ठभुमी

सरकार जनताका सबै अपेक्षाहरु पूरा गर्ने महत्वपूर्ण अंग हो । सार्वजनिक सेवा प्रवाहको अवधारणाले जनताका सबै आवश्यकतालाई प्रभावकारी सेवा प्रवाहका संयन्त्रद्धारा पूरा गरिनु पर्दछ । सेवा प्रवाहको संरचनाले सेवा र उपभोक्ता बीचको दुरी कम गराउनु पर्दछ । अर्थात् सेवामा जनता वा उपभोक्ताको सहज पहुंच हुनु पर्दछ । सेवा प्राप्तिका प्रक्रिया र नियमहरु पारदर्शी हुनु पर्दछ । सेवा प्रवाहको निर्धारित संरचनाले सेवा प्रवाहमा जनतावाट प्राप्त सन्तुष्टि वा सेवा प्रवाहमा भित्रिएका उदीयमान अवधारणाहरुको सन्दर्भमा सेवा प्रवाह सुधार योजना कार्यान्वयन हुनु आवश्यक छ । सेवा प्रवाहको संयन्त्र जहिले पनि सेवाग्राही मैत्री हुनु आवश्यक हुन्छ ।

नयाँ संविधान २०७२ सालमा जारी भएपछि राज्य पुनः संरचना मार्फत तीन तहको सरकार सञ्चालनमा छन् । तर जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो । स्थानीय सरकारका प्रतिफल जनताले प्रत्यक्ष अनुभूत गरेका हुन्छन् । धेरै संवैधानिक अधिकार र जिम्मेवारी पाएका यी सरकारहरूले सक्रिय, इमानदार, पारदर्शी, सक्षम र जवाफदेही भई कार्यसम्पादन गर्नु आवश्यक छ । स्थानीय सरकारले सहभागितामूलक लोकतन्त्र अवलम्बन गरी नियन्त्रण र सन्तुलनका आधारमा लोकतन्त्र सुदृढ गर्नेतर्फ ध्यान दिनु जरुरी छ । कानुनद्वारा शासन होइन, कानुनको शासन गर्नु सबैभन्दा महत्वपूर्ण हो । पारदर्शिता र जवाफदेहीता सुशासनका सर्वाधिक महत्वपूर्ण पाटा हुन् ।

प्राप्त स्रोतलाई विधिसम्मत, पारदर्शी, प्रतिफलदायी र दिगो विकास व्यवस्थापनमा खर्च गर्न सक्नुपर्छ । स्थानीय तहमा नियन्त्रण र जवाफदेही कमजोर भएमा सुशासनको जग नै खलबलिन्छ । तसर्थ स्थानीय सरकारहरूले सुशासनका अवयवहरूलाई संस्थागत गरी परिपालना गर्दै समयसापेक्ष शासकीय पद्धति सुधार गर्दै जानुपर्छ । राज्यको संरचना, राज्यशक्तिको बाँडफाँट अब जनतामा विकेन्द्रित भएको छ । कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुशासन, उत्तरदायी र जिम्मेवारपूर्ण कर्मचारी, कर्तब्योन्मुख उपभोक्ता देश विकासको मुख्य आधार मान्न सकिन्छ । तथापी सरकारहरु जनताप्रति उत्तरदायी हुन नसकेका गुनासा अझै घटेको छैन । प्राथमिकताले नभई पहुँचले अवसर पाउने अवस्था कायम छ ।

यसर्थ, सरकारले गरेका विकास निर्माण र सेवा प्रवाहका विषयमा नागरिकको सन्तुष्टी मापन गर्नु र जनअपेक्षा अनुसार आफुलाई परिमार्जित गर्नु सरकारहरुको दायित्व हो । पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने प्रचलन रहेको छ । जनताको आवाज र जनगुनासोहरुको प्रत्यक्ष सम्बोधन गर्ने उद्देश्यले यो कार्यक्रम गरिन्छ । जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहनेगरी कार्यक्रमको परिकल्पना गरिएको हो । यसबाट आफ्ना कामबारे जनताले जाँच्छन् । संविधान जारी भएपछि जनप्रतिनिधिहरुको दोस्रो कार्यकाल तेस्रो वर्षमा चलिरहेको छ । तीनवटै सरकारले आफ्नो क्षेत्राधिकार भित्र रहेर काम गरिरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ (५) ले गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाह पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई लगायत कार्यक्रम सञ्चालन गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले पनि सार्वजनिक सुनुवाई चौमासिक रुपमा गर्न निर्देशित गरेको छ । अहिले आएर अधिकांश स्थानीय सरकारले सार्वजनिक सुनुवाइलाई प्रभावकारी रुपमै सञ्चालन गर्न थालेका छन् । फलस्वरुपः डोल्पाको छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सार्वजनिक सुनुवाइ २०८२ बैशाख १९ गते वडा नम्बर ४ कागकोट स्थित पालिकाको सभास्थलमा सम्पन्न भएको छ ।

dna NEPAL SAHAMAT MEDIA (P.) LTD. Pokhara Lekhnath-8, Simalchour, Kaski Estd. 2074

## २. सार्वजनिक सुनुवाइका उद्देश्य

- गाउँपालिकाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गरिने ।
- सञ्चालित कार्यक्रम तथा योजनाबारे समिक्षा गरी मुल्यांकन, सुझाव र पृष्ठपोषण प्रदान गरिने ।
- सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गरिने ।
- जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण पदाधिकारीको जवाफदेहीता र पारदर्शीता प्रबर्द्धन गरिने ।
- विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई सेवा प्रवाहलाई गुणस्तरीय बनाइने ।
- पालिकाका कामबारे सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याइने ।
- समग्र शाखागत मुल्यांकन तथा समिक्षा गरिने ।
- नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गरिने तथा जिम्मेवार सरकार सञ्चालन गरिने ।

## ३. सार्वजनिक सुनुवाइ कार्यक्रमको तयारी

क) सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन, सहजीकरण र व्यवस्थापनको लागि सहमत मिडिया प्रालिलाई जिम्मेवारी दिइयो ।

ख) सार्वजनिक सुनुवाइ कार्यक्रमलाई ब्यबस्थित रुपमा सम्पन्न गर्न पालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी आवश्यक तयारी थालियो । कार्यक्रमको लागि छार्का ताङसोङ गाउँपालिका अध्यक्ष सेनाङ गुरुङ, उपाध्यक्ष कर्मा डुण्डुप गुरुङ र प्रमुख प्रशासकीय अधिकृत अमरराज सेजुवाल सहित कार्यक्रम समूहको बैठक बस्यो र आवश्यक तयारी थाल्यो ।

ग) सार्वजनिक सुनुवाइ कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ पालिकाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ता तथा सरोकारवालाहरुलाई पत्राचार गरियो । साथै वडा र पालिकाको सुचना पाटीमा पनि टाँसिएको थियो । सहभागीको व्यापक सहभागिता होस् भन्ने उद्देश्यले पालिका सदरमुकाम कागकोटमा माइकिङ समेत भएको थियो । (*प्रवाह भएको सूचना अनुसूची १ मा रहेको छ ।*)

घ) सार्वजनिक सुनुवाइ कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो । (*आचार संहिता अनुसूची २ मा रहेको छ ।*)

## ४. सार्वजनिक सुनुवाइ कार्यक्रम

पूर्व निर्धारित तालिका अनुसार २०८२ बैशाख १९ गते विहान ८ बजे कार्यक्रम हुने भनिएपनि सहभागीहरु समयमा उपस्थित नभएका कारण ११ बजेदेखि कार्यक्रम सुरु गरियो । कार्यक्रम करिव ३ घण्टा सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै सुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । गाउँपालिकाका अध्यक्ष सेनाङ गुरुङज्यूको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष कर्मा डुण्डुप गुरुङले स्वागत स्वागत गर्नुभएको थियो भने कार्यालयको सेवा प्रवाहका बारेमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमरराज सेजुवालज्युले जानकारी गराउनुभएको थियो । *(पालिकाको योजना तथा सेवा प्रवाह सम्बन्धी प्रतिवेदन अनुसूची ५ मा रहेको छ)* कार्यक्रमका सहभागीहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा थप सहजीकरण गर्नुभयो ।

त्यसपछि सार्वजनिक सुनुवाइ आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराइयो । कार्यक्रममा पालिकाका विभिन्न वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्किँदै गरेका सेवाग्राहीसँग भरिएको बहिर्गमन अभिमतको प्रतिवेदन सहमत मिडियाका लोकेन्द्र मानन्धरले सार्वजनिक गर्नुभयो । *(बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन अनुसूची ३ मा रहेको छ । )* त्यसपछि गाउँपालिका र वडाका सेवा प्रवाह तथा विकास निर्माणका विषयमा सहभागीबाट लिखित र मौखिक प्रश्नहरुको संकलनको लागि खुला छलफल सुरु भएको थियो । *(कार्यक्रम तालिका अनुसूची ४ मा रहेको छ । )*

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd: 2074

## ५. सार्वजनिक सुनुवाइका सहभागीहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा छार्का ताङसोङ गाउँपालिकाका अध्यक्ष सेनाङ गुरुङ, उपाध्यक्ष कर्मा डुण्डुप गुरुङ, प्रमुख प्रशासकीय अधिकृत अमरराज सेजुवाल, वडाध्यक्ष र अन्य जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुखहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारीहरु, टोल विकास संस्था, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, प्रधानध्यापक र शिक्षकहरु, विभिन्न समूह वा सन्जाल, क्लव, महिला समूहका प्रमुख एवं प्रतिनिधिहरु, सर्वसाधारण नागरिकहरु, प्रहरी लगायतको उपस्थिति थियो । *(सहभागीहरुको उपस्थिति अनुसूची १ र तस्विर अनुसूची ६ मा रहेको छ ।)*

## ६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ

कार्यक्रमको खुला छलफलमा सहभागीहरुले उठाएका प्रश्नको पालिका अध्यक्ष सेनाङ गुरुङ, उपाध्यक्ष कर्मा डुण्डुप गुरुङ र प्रमुख प्रशासकीय अधिकृत अमरराज सेजुवाल, वडाध्यक्ष र शाखा प्रमुखहरुले जवाफ दिनुभयो । *(खुला छलफलमा सहभागीले उठाएका प्रश्न, गुनासो एवं सुझाव तथा गुनासो उपर दिईएको जवाफ र प्रतिवद्धता अनुसूची ७ मा रहेको छ ।)*

## ७. निश्कर्ष :

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुबाट गाउँपालिकाका आगामी दिनमा हुने भूमिकाका सन्दर्भमा प्रश्न तथा गुनासा र सुझावहरु आएका छन् । कार्यालयको तर्फबाट पनि जिज्ञासा तथा गुनासोको सुनुवाइ गरिएको छ । आगामी दिनमा सुझाव र प्रश्नहरुलाई मनन गरी सुधार गर्ने अपेक्षा गरेका छौं । प्रायः हिमाली जिल्लाहरुमा सार्वजनिक सुनुवाइ नभइरहेको अवस्थामा छार्का ताङसोङ गाउँपालिकाले विगत वर्षहरुदेखि नै कार्यक्रमलाई निरन्तरता दिएको छ । साथै सुनुवाईबाट प्राप्त सुझावलाई ग्रहण गरी आवश्यक सम्बोधन समेत भैरहेको छ । यद्यपी प्रश्न भने निरन्तर आइरहेका छन् । अहिलेको कार्यक्रमबाट प्राप्त सुझाव तथा प्रश्नहरु अर्को कार्यक्रम सन्चालन हुँदासम्म अहिले प्रतिबद्धता जनाईएका विषयहरु सम्बोधन हुने हाम्रो विश्वास छ ।

पालिका र वडा सरकारको जनसेवा पहिलेभन्दा प्रभावकारी भएको छ । विकट भएकोले स्वास्थ्य, शिक्षा र पूर्वाधारको क्षेत्रमा निकै संघर्ष गरिरहेको छ । पालिकाले विशेषगरी सडक निर्माण र विस्तारमा बढी जोड दिएको छ । मुस्ताङबाट छिरेको सडक छार्का भोट हुँदै गाउँपालिका कार्यलय भएको ठाउँ कागकोट तर्फ निर्माणाधीन छ । खानेपानी, विद्युत लगायत क्षेत्रमा पनि पालिकाले आफ्नो हैसियतअनुसार प्रभावकारी काम गरिरहेको छ । जिल्ला सदरमुकाम पुगेर लिँदै आएका काम अहिले पालिका र वडा तहबाटै सम्पादन भैरहेका छन् ।

जसका कारण संघीयताप्रति नागरिकको विश्वास बढ्दै गएको अनुभुति भएको छ । यसमा पनि थप सुधारहरु आवश्यक छन् । विकास निर्माणका कामहरुमा अनुगमन कम भएको तथा मर्मत सम्भारमा खासै चासो नदिइएका प्रश्न नागरिकले गरेका छन् ।

नागरिकका प्रश्नमा गरिएका प्रतिबद्धता कार्यान्वयन हुने र प्रश्नहरु आगामी दिनमा नदोहोरिने आशा गरेका छौं । समग्रमा कार्यक्रम निकै फलदायी रुपमा सम्पन्न भएको छ । पालिकाको योजना कार्यान्वयनदेखि सेवा प्रवाहसमेतमा प्रश्नहरु उठेका छन् । विशेषतः पालिका र वडाबाट हुने सेवा प्रवाहलाई अझै प्रभावकारी बनाउनुपर्ने सुझाव नागरिकहरुले दिएका छन् । साथै भाषिक र शैक्षिक समस्याका कारण योजना सम्झौतादेखि भुक्तानीसम्म ब्यहोर्नुपरेका अप्ठ्याराहरु खुलेर राखेका छन् । आगामी दिनमा यस्ता समस्या सुधार हुने नै छ । गाउँपालिका र वडाको तर्फबाट सहजकर्तालाई आवश्यक जानकारीहरु समयमा नै उपलब्ध गराईएको कारण कार्यक्रम जानकारी मुलक र प्रभावकारी किसिमबाट सञ्चालन गर्न सम्भव भयो । *(सार्वजनिक सुनुवाइ कार्यक्रमबारे प्रकाशित समाचार अनुसूची ८ मा रहेको छ ।)*

dna NEPAL SAHAMAT MEDIA (P.) LTD. Pokhara Lekhnath-8, Simalchour, Kaski Estd: 2074

## ८. अनुसूचीहरु

### अनुसूची १

**सार्वजनिक सुनुवाइ कार्यक्रम सम्बन्धी सूचना**

यस छार्का ताङसोङ गाउँपालिकाको आयोजनामा चालू आव २०८१।०८२ मा सम्पादन गरेका कार्यहरुको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम तपशीलको मिति, समय र स्थानमा हुने भएकोले यस गाउँपालिका भित्रका जनप्रतिनिधि ज्यूहरु, राजनीतिक दल, नागरिक समाज, शिक्षक, संघ संस्थाहरु, कर्मचारीहरु, विभिन्न समिति, उपसमिति तथा उपभोक्ता समिति लगायतका सरोकारवालाहरु सबैमा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील

मितिः २०८२ बैशाख १९ गते शुक्रबार

समयः विहान ८ बजे

स्थानः गाउँपालिकाको सभास्थल, कागकोट

### अनुसूची २

**सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ।

२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ।

३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ।

४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।

५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन।

६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ।

७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन।

८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन।

९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ।

१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ।

dna NEPAL SAHAMAT MEDIA (P.) LTD. Pokhara Lekhnath-8, Simalchour, Kaski Estd: 2074

# अनुसूची ३

## नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत

## नागरिक प्रतिवेदन (Citizen Report Card)

**छार्का ताङसोङ गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको-सहभागि नागरिक २५ जना।**

**१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ५६ प्रतिशत | २८ प्रतिशत | २० प्रतिशत |

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ७६ प्रतिशत | २० प्रतिशत | ४ प्रतिशत |

**३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?**

| निशुल्क पाएका छौं | पैसा तिरेर किन्नु पर्छ | खै थाहा छैन |
|---|---|---|
| ५२ प्रतिशत | ० प्रतिशत | ४८ प्रतिशत |

**४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
|---|---|---|
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?**

| उपलब्ध छन् | अलिअलि उपलब्ध छन् | उपलब्ध छैनन् |
|---|---|---|
| १६ प्रतिशत | ६४ प्रतिशत | २० प्रतिशत |

**६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

| छ | छैन | अलिअलि थाहा छ। |
|---|---|---|
| ३२ प्रतिशत | ४० प्रतिशत | २८ प्रतिशत |

**७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?**

| प्रभावकारी छन् | आंशिक प्रभावकारी छन् | प्रभावकारी छैनन् |
|---|---|---|
| १२ प्रतिशत | ५२ प्रतिशत | ३६ प्रतिशत |

**८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?**

| १ पटक | २ पटक | सो भन्दा बढी |
|---|---|---|
| ६० प्रतिशत | २८ प्रतिशत | १२ प्रतिशत |

**९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

| अति राम्रो | ठीकै | नराम्रो |
|---|---|---|
| ९६ प्रतिशत | ४ प्रतिशत | ० प्रतिशत |

**१०. कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाइ जानकारी छ ?**

| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
|---|---|---|
| २४ प्रतिशत | ३२ प्रतिशत | ४४ प्रतिशत |

**११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?**

| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
|---|---|---|
| ४० प्रतिशत | ५२ प्रतिशत | ८ प्रतिशत |

**१२. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?**

| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
|---|---|---|
| ८८ प्रतिशत | १२ प्रतिशत | ० प्रतिशत |

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd 2074

**१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराब |
| ८० प्रतिशत | २० प्रतिशत | ० प्रतिशत |

**१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराव |
| ५६ प्रतिशत | ३२ प्रतिशत | १२ प्रतिशत |

**१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
| ३६ प्रतिशत | ४० प्रतिशत | २४ प्रतिशत |

**१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

| | | |
|---|---|---|
| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईलाई बोलाउने गरेको छ कि छैन ?**

| | | |
|---|---|---|
| बोलाएको छ | अहिलेसम्म बोलाएको छैन | पालिकाले कानून पनि बनाउँछ र ? |
| ० प्रतिशत | १०० प्रतिशत | ० प्रतिशत |

**१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| | | |
|---|---|---|
| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| ८८ प्रतिशत | १२ प्रतिशत | ० प्रतिशत |

**१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?**

| | | |
|---|---|---|
| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
| ५६ प्रतिशत | ३६ प्रतिशत | ८ प्रतिशत |

**२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| २४ प्रतिशत | ४४ प्रतिशत | ३२ प्रतिशत |

## बहिर्गमन अभिमत (Exit Poll)

**छार्का ताङसोङ गाउँपालिका कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत–सहभागी संख्या २५ जना।**

**१. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | १६ प्रतिशत |
| योजनाको जाँचपास गराउन | २४ प्रतिशत |
| योजनाको भुक्तानी लिन | ३२ प्रतिशत |
| सूचनामूलक सामग्री प्राप्त गर्न | ८ प्रतिशत |
| अन्य कुनै भए | २० प्रतिशत (पेश्की फर्स्यौट, सामाजिक सुरक्षा भत्ता आदी) |

**२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| | | |
|---|---|---|
| अति स्पष्ट | ठीकै | अस्पष्ट |
| ४० प्रतिशत | ४० प्रतिशत | २० प्रतिशत |

**३. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझ्ने जस्तो लाग्यो ?**

| | | |
|---|---|---|
| अति धेरै | ठीकै | थोरै |
| ८० प्रतिशत | १६ प्रतिशत | ४ प्रतिशत |

dna NEPAL SAHAMAT MEDIA (P.) LTD. Pokhara Lekhnath-8, Simalchour, Kaski Estd. 2074

**४. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
|---|---|---|
| ९२ प्रतिशत | ८ प्रतिशत | ० प्रतिशत |

**५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे?**

| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
|---|---|---|
| ८८ प्रतिशत | ८ प्रतिशत | ४ प्रतिशत |

**६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
|---|---|---|
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
|---|---|---|
| ६० प्रतिशत | २८ प्रतिशत | १२ प्रतिशत |

**पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?**

**राम्रा लागेका कुराहरु**

१. योजनामा पेश्की दिएर सहज भएको छ।
२. विश्वकै अग्लो मानव बस्ति छार्कामा वडा भवन निर्माण भएर वडाबाटै कर्मचारीले सेवा दिइरहेका छन्।
३. पालिकाको प्रशासकीय भवन निर्माण सुरु भएको सुन्दा खुसी लाग्यो।
४. कागकोट, घेराङ, ढुकोट, छार्कामा एकीकृत कृषि तथा पशु सेवा केन्द्र स्थापना भई सेवा प्रवाह गरिएको छ। किसानले राहत पाएका छन्।
५. गाउँपालिकामा आफ्नै डोजर र ब्याकहु लोडर छ। पालिका केन्द्र जोड्ने सडक निर्माणको काम गरिरहेको छ।
६. स्वास्थ्यका कर्मचारीले समयमै खोप दिएका छन्, पुस माघको महिना बाहेक सँधै स्वास्थ्यचौकी र सेवा केन्द्रमा बसेर सेवा दिएका छन्।
७. कर्मचारीहरु सँधैजसो पालिका कार्यालयमै भेटिन्छन्, पहिलेभन्दा राम्रो सेवा दिएका छन्।
८. पालिकाले सञ्चालन गर्ने योजना र कार्यक्रमहरुको सूचना पाइन्छ। फेसबुक र वेभसाइटमा सूचना राखिएको छ।
९. कर्मचारी र जनप्रतिनिधिले राम्रो व्यवहार गर्छन्। नबुझेका कुरा बुझाइदिन्छन्।
१०. पालिकाले टाढाबाट आएका सेवाग्राहीलाई पहिलो प्राथमिकताका साथ सेवा दिएको छ।

**सुधार गर्नुपर्ने सुझावहरु**

१. पालिका कार्यालय साँघुरो भयो। एउटै कोठामा ३-४ वटा कुर्ची र टेबुल राखेर काम गरेका छन्। सेवा लिन अप्ठ्यारो भयो।
२. प्रत्येक वडामा वडा सचिव बस्ने व्यवस्था होस्, सचिव नभेट्दा पालिका पुग्नुपर्ने बाध्यता छ।
३. पालिकाका सेवा बेलाबेलामा घुम्ती शिविर सञ्चालन गरिदिए सहज हुन्थ्यो।
४. मौसम बिग्रिँदा कहिलेकाहिँ सोलारले काम गर्दैन। कार्यालयको काम नै ठप्प हुन्छ। दीर्घकालीन उपायको खोजी गरियोस्।
५. भाषिक समस्या र अशिक्षाका कारण सबै काममा पालिकाका कर्मचारीको सहयोग लिनुपरेको छ। भाषामा अलि सहजीकरण गरिदिनुपर्यो।
६. गाउँपालिकाले कार्यालयको सामान, डिजेल र अन्य सामग्री ढुवानी गर्दा स्थानीय खच्चड व्यवसायीलाई प्राथमिकता दिनुपर्‍यो।
७. व्यवसायीले एकपटक ब्यवसाय दर्ता गरेपछि नविकरण भएको छैन। नियमित नविकरणमा कडाई गरियोस्।
८. प्रधानमन्त्री रोजगार कार्यक्रममा पलिकाले रोजगारी दिने भनेर निवेदन माग्छ, तर रोजगारी चाहिँ दिँदैन किन हो ?
९. पालिकाले खरिद गरेर ल्याउने औषधीको म्याद निकै कम मात्रै हुन्छ। कि समयमा खरिद गर्नुपर्‍यो, नभए म्याद हेरेर ल्याउनुपर्‍यो
१०. घरघरमै धारा त पुगेको छ, तर धारामा पानी आउँदैन। नयाँ मुलहरुको खोजी गरेर सँधै पानी व्यवस्था होस्।
११. मोवाइल टावरले काम नगर्दा कहिलेकाहीँ साह्रै दुख पाइन्छ। टावरको क्षमता बढाएर सँधै फोन र इन्टरनेट चल्ने बनाइयोस्।

dna NEPAL SAHAMAT MEDIA (P.) LTD. Pokhara Lekhnath-8, Simalchour, Kaski Estd: 2074

१२. पालिकाका योजनाहरुमा होर्डिङ बोर्ड किन राखिएको छैन ? कुनैपनि योजनामा बोर्ड देखिँदैन ।
१३. उपभोक्ता समितिसँग सम्झौता भएका योजना पनि ठेक्का दिइएको छ । यस्तो गर्न पाइन्छ कि पाइँदैन ?
१४. सम्झौता अनुसारको भुक्तानी पाइँदैन । बजेट जति छुट्याएको हो, त्यति किन भुक्तानी नदिइएको हो ?
१५. योजनाका स्टिमेट बुझिने भाषामा लेखिदिनुपर्‍यो । गत वर्षपनि प्रश्न उठाएको हो, सच्याउछौं भनेर प्रतिबद्धता जनाएको थियो । अहिलेसम्म अंग्रेजीमा मात्रै स्टिमेट छ । काम गर्न गाह्रो भयो ।
१६. उपभोक्ता समिति गठन गर्दा चिठ्ठाबाट गरिन्छ । अलि जानेबुझेको व्यक्तिलाई समितिमा राख्नुपर्‍यो ।
१७. पालिकाले गर्ने कार्यक्रमहरु सबै एकैठाउँमा मात्रै हुन्छ । अरु वडाहरुमा पनि न्यायोचित रुपमा कार्यक्रम गर्नुपर्‍यो ।
१८. पशुका औषधी अलि पर्याप्त ल्याउनुपर्‍यो । किसानले खोजेको बेला औषधी पाइँदैन ।
१९. योजनाहरु साह्रै सानासाना भए । टुक्रे योजना भन्दा नतिजामुखी योजना छनोट र बजेट विनियोजन गर्ने परिपाटीको विकास होस् ।
२०. पालिकामा ल्याउने फर्निचरका सामानहरु बाहिरबाट आउँछ । स्थानीय सामग्रीको प्रयोगलाई बढाउनुपर्‍यो ।
२१. पालिकामा न्यायिक समिति छ । तर मुद्दा अहिलेपनि भित्रभित्रै मिलाउने गरिएको छ । न्यायिक समितिलाई सक्रिय बनाउनुपर्‍यो
२२. गाउँमा विद्यार्थी बस्नै मान्दैनन् । कारण के हो ? पालिकाभित्रकै विद्यालयमा पढ्ने वातावरण निर्माण गरियोस् ।

## अनुसूची ४

**छार्का ताङसोङ गाउँपालिका, सार्वजनिक सुनुवाई कार्यक्रम-२०८२**
**कार्यक्रम तालिका**

| क्र.सं. | समय | विवरण | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | सेनाङ गुरुङ-अध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>कर्मा ढुण्डुप गुरुङ-उपाध्यक्ष<br>अमरराज सेजुवाल-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरुः**<br>धावा लामा गुरुङ-अध्यक्ष, वडा नम्बर १<br>टसी छोम्वेल गुरुङ-अध्यक्ष, वडा नम्बर २<br>वाङजु गुरुङ-अध्यक्ष, वडा नम्बर ३<br>खामसुङ रोकाया-अध्यक्ष, वडा नम्बर ४<br>सोनाम साङमो गुरुङ-अध्यक्ष, वडा नम्बर ५<br>कार्मा तेन्जिङ गुरुङ-अध्यक्ष, वडा नम्बर ६<br>कार्यपालिका सदस्य तथा गाउँसभा सदस्यहरु<br>**जवाफदेही**<br>विशाल पौडेल-प्रमुख, कृषि तथा पशुपंक्षी<br>इन्द्रलाल कँडेल-प्रमुख, लेखा शाखा<br>मणिराज पौडेल-प्रमुख, योजना अनुगमन तथा तथ्यांक<br>बुद्धिबहादुर धरला-अध्यक्षज्यूको सचिवालय प्रमुख<br>किरण केसी-प्रमुख, सूचना प्रविधि शाखा<br>ऐनबहादुर बोहरा-प्रमुख, स्वास्थ्य शाखा<br>बमबहादुर भण्डारी-प्रमुख, पूर्वाधार शाखा<br>भक्तबहादुर बुढा-प्रमुख, प्रशासन, स्टोर<br>कल्पना कुमारी शाही-रोजगार संयोजक |

DNA NEPAL SAHAMAT MEDIA (P.) LTD. Pokhara Lekhnath-8, Simalchour, Kaski Estd 2074

| | | | |
|---|---|---|---|
| | | | **संघसंस्थाको तर्फबाट**<br>पुष्पलता बोहरा-मुकोट स्वास्थ्यचौकी इन्चार्ज<br>विकास रोकाया-छार्का स्वास्थ्यचौकी इन्चार्ज<br>लक्ष्मण भट्ट-प्रहरी चौकी इन्चार्ज<br>कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक अगुवाहरु, उपभोक्ता समिति, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु । |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | कर्मा ढुण्डुप गुरुङ-उपाध्यक्ष |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी | | अमरराज सेजुवाल-प्रमुख प्रशासकीय अधिकृत |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहमत मिडिया प्रालि |
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | सेनाङ गुरुङ-अध्यक्ष, कर्मा ढुण्डुप गुरुङ-उपाध्यक्ष, अमरराज सेजुवाल-प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | अमरराज सेजुवाल, कर्मा ढुण्डुप गुरुङ |
| १०. | | थप स्पष्टता सहित समापन | कार्यक्रम अध्यक्ष |
| ११. | | चियापान | |

## अनुसूची ५

## पालिकाको सेवा प्रवाह र विकास निर्माण

**आय**

| क्र.सं. | विवरण | अनुमान | रकम |
|---|---|---|---|
| १. | आन्तरिक आम्दानी | | ४ लाख २७ हजार |
| २. | संघ सरकारबाट आम्दानी | १५ करोड ३४ लाख | ९ करोड ४२ लाख |
| ३. | प्रदेश सरकारबाट आम्दानी | ४ करोड ७ लाख | १ करोड ६९ लाख |
| ४. | राजश्व बाँडफाँट | ४ करोड ५६ लाख | ३ करोड १५ लाख |
| ५. | गत वर्षको बैंक मौज्दात | ४ करोड ६३ हजार | ४ करोड ६३ हजार |
| **जम्मा** | | **२८ करोड ११ लाख** | **१८ करोड २८ लाख** |

**हालसम्मको खर्च**

| शीर्षक | अनुमान | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालू खर्च | १४ करोड ४६ लाख | ७ करोड ९७ लाख | ५५.१८ |
| पूँजीगत खर्च | १३ करोड ६५ लाख | ३ करोड ६० लाख | २६.३७ |
| **जम्मा** | **२८ करोड ११ लाख** | **११ करोड ५८ लाख** | ४१.१८ |

**घटना दर्ता**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | जन्मदर्ता | ६९ |
| २. | मृत्युदर्ता | १८ |
| ३. | विवाह दर्ता | ७ |
| ४. | बसाईंसराईं (जाने) | ४ |
| **जम्मा** | | ९८ |

dna NEPAL SAHAMAT MEDIA (P.) LTD. Pokhara Lekhnath-8, Simalchour, Kaski Estd 2074

**योजना कार्यान्वयन**

| क्र.सं. | योजनाको नाम | ठेगाना | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १. | चुङनाङ पुलदेखि मानदाङ चौरीखर्कसम्म सडक निर्माण | वडा नं.५ | १२ सय मिटर सडक निर्माण भएको |
| २. | घारबाङ साप्तिक छोइलिङ गुम्बा घेराबार | वडा नं.५ | घेराबार सकेर प्राविधिकले नापजाँच गरेको |
| ३. | पुथा हिमाल शौचालय निर्माण | वडा नं.५ | निर्माण सकिने अवस्थामा, छाउन बाँकी |
| ४. | तेराङ स्याउखेत घेराबार | वडा नं.५ | घेराबार निर्माण सकिएको । |
| ५. | पिम्रीदेखि थालिङजा सडक निर्माण | वडा नं.५ | अन्दाजी ५ सय मिटर सडक बनाएको |
| ६. | पिम्री तुङखोरचेन गुम्बा निर्माण | वडा नं.५ | निर्माण सामग्री संकलन भैरहेको |
| ७. | माने खोर्चेन घेराबार | वडा नं.५ | ढुंगा मात्रै संकलन भएको, अरु काम बाँकी |
| ८. | सुनगाभा आविमा शौचालय निर्माण | वडा नं.५ | निर्माण सम्पन्न भएको |
| ९. | तेराङ गुम्बा घेराबार र मर्मत | वडा नं.५ | घेराबार निर्माण भएर रंगरोगनको क्रममा |
| १०. | घेराङ सामुदायिक भवन निर्माण | वडा नं.५ | भवन निर्माण सम्पन्न भएको |
| ११. | घेराङ गुम्बा घेराबार | वडा नं.५ | घेराबार सकिएर रंगरोगनको क्रममा |
| १२. | शेरी गुम्बा भान्सा निर्माण | वडा नं.६ | निर्माण सामग्री फिल्डमा पुगेको |
| १३. | स्यादी गुम्बा मर्मत सम्भार | वडा नं.६ | निर्माणको लागि ठेक्का दिइएको |
| १४. | मुकोट गुम्बा भान्सा निर्माण | वडा नं.६ | निर्माण सामग्री संकलन भैरहेको |
| १५. | बाङगाङ खेत घेराबार | वडा नं.३ | घेराबार भएर नापजाँच गरिएको |
| १६. | याकलुङ खोला काठेपुल निर्माण | वडा नं.१ | सामग्री फिल्डमा रहेको, काम सुरु नभएको |
| १७. | साङमिक खेत घेराबार निर्माण | वडा नं.३ | घेराबार सकिएको, नापजाँच भैसकेको |
| १८. | छार्काभोट आवि र वडा कार्यालय घेराबार | वडा नं.१ | निर्माण प्रक्रिया चलिरहेको |
| १९. | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन घेराबार | वडा नं.२ | घेराबार सकिएको |
| २०.. | छार्का साजेन र थाङदोल गुम्बामा पूर्वाधार निर्माण | वडा नं.१ | निर्माण सामग्री संकलन भैरहेको |
| २१. | भेरी नदी तटबन्ध | वडा नं.१ | काम सुरु नभएको |
| २२. | कागकोटदेखि भारबुङ सडक निर्माण | ४,५,६ | काम सुरु नभएको |
| २३. | तानक मुहानदेखि पिम्री सिंचाई तथा पूर्वाधार | वडा नं.५ | निर्माणको काम सकिएको |
| २४. | लेबुङदेखि धोवाङसम्म गोरेटो बाटो निर्माण | वडा नं.१ | ३ किलोमिटर बाटो निर्माण भएको |
| २५. | कोग्रा खोला ग्याविन निर्माण | वडा नं.१ | निर्माण सामग्री संकलन सकिएको |
| २६. | ढुकोटदेखि शेरीसम्म सडक निर्माण र चाङचुङ तटबन्ध | १,३,६ | काम सुरु हुने चरणमा रहेको |
| २७. | सप्तकोशी आधारभुत विद्यालय शौचालय निर्माण | वडा नं.३ | निर्माण सामग्री संकलन गरिएको |
| २८. | सप्तकोशी आधारभुत विद्यालयमा फर्निचर निर्माण | वडा नं.३ | सामग्री विद्यालयमा पुगेको |
| २९. | लाप्चे खेत घेराबार | वडा नं.३ | निर्माण सुरु नभएको |
| ३०. | च्यामारदेखि छाङरु सडक स्तरोन्नती | २ र ३ | निर्माण भर्खरै सुरु गरिएको |
| ३१. | कागकोट गुम्बा घेराबार निर्माण | वडा नं.४ | निर्माण सकिएको |
| ३२. | तेन्जेन नोर्गे आवि शौचालय निर्माण | वडा नं.४ | शौचालय निर्माण सकिएको |
| ३३. | लेपार्मा चौरी खोर निर्माण | वडा नं.४ | निर्माणको काम सम्पन्न भएको |
| ३४. | भेरी नदी नियन्त्रण तथा सडक स्तरोन्नती | वडा नं.४ | निर्माण सकिएको |
| ३५. | भेरी नदी तटबन्ध निर्माण | वडा नं.४ | काम अघि बढेको |
| ३६. | कागकोट गाउँ पीसीसी निर्माण | वडा नं.४ | पहिलो चरणको काम सकेको |
| ३७. | लुङबु खोला तटबन्ध तथा ट्रस ब्रिज निर्माण | वडा नं.४ | ठेक्का सम्झौता भएको, साइट दिइएको |

अधिकांश योजनाहरु गुम्बामा केन्द्रित गरिएको अवस्था छ । बढी प्रतिफल दिने योजनाहरु छनोटमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

dna NEPAL SAHAMAT MEDIA (P.) LTD. Pokhara Lekhnath-8, Simalchour, Kaski Estd. 2074

## अनुसूची ६

## सार्वजनिक सुनुवाइ कार्यक्रमका तस्विरहरु












dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd: 2074















dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd: 2074

## अनुसूची ७

### कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ

| क्र.सं | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा स्पष्टता |
|---|---|---|---|
| १. | आङधावा रोकाया | ➢ छाङमा बाटो भद्रगोल छ । खच्चड आवतजावत गर्न नसक्ने भएको छ । आगामी बजेटमा सम्बोधन होस् ।<br>➢ पालिकाको पशु शाखामा खच्चडको औषधी पाइँदैन । लिन जाँदा सकियो, बजेट नभएर ल्याउन सकिएन भनेका छन् ।<br>➢ योजनाहरुको समिति गठन भित्रभित्रै हुन्छ । गाउँलेलाई जानकारी गराइँदैन । किन यसरी गोप्य गरिएको हो ?<br>➢ पालिकामा इन्टरनेटको धेरै समस्या छ, समाधानका लागि पहल होस् । अहिलेसम्मको काम राम्रो छ, अझै सुधार गरियोस् ।<br>➢ पालिकाभित्रका नागरिकले पालिकामा रोजगारी पाउँदैनन् । कुनै घरका धेरैले पाएका छन्, कसैले पाउँदै पाउँदैनन् । विभेद नहोस् ।<br>➢ पालिकामा हुने सामग्री ढुवानीमा स्थानीय खच्चड व्यवसायीलाई प्राथमिकता दिइएको छैन । कसैले दोहोऱ्याएर काम पाएका छन्, कसैले एकपटक पनि पाएका छैनन्, विभेद गर्न भएन । | ➢ सुझावका लागि धन्यवाद । आगामी वर्षको बजेटमा सम्भव भएसम्म सम्बोधन गरौंला । नागरिकको सुझाव ग्रहण गर्छौं ।<br>➢ यो वर्ष बजेट कम भएर नै हो । खासमा पशुको तथ्यांक हामीसँग छैन । अहिले प्राविधिक खटिएका छन्, तथ्यांक अनुसार आगामी वर्ष पर्याप्त खरिद गरौंला ।<br>➢ समिति गठन गर्ने बेला सबैलाई बोलाएको हुन्छ । तर सबै आउँदैनन्, अहिले प्रश्न आयो । गल्ती भए आगामी दिनमा सुधार्छौं<br>➢ इन्टरनेट फोर जी चल्ने गरी काम भैरहेको छ । अहिलेसम्म ५ वटा टावर राखिसक्यौं । अझै थप्ने योजना छ ।<br>➢ सर्टिफिकेट भएको मान्छेले रोजगारी पाउने हो । सर्टिफिकेट नै नभए कसरी दिन मिल्छ ? सकेसम्म स्थानीयलाई प्राथमिकता दिने योजना छ, चाहेर पनि गर्न सकिएन ।<br>➢ त्यस्तो गरेको छैन । सकेसम्म स्थानीयलाई नै प्राथमिकतामा राखेका छौं । तपाईंहरु यार्सा टिप्न जाँदा अरुलाई काम लगायौं । तपाईंहरुले नै गर्नुस्, हामी सघाउछौं । |

नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतमा आएका प्रश्नहरुको जवाफ र प्रतिवद्धताहरु

**पालिका कार्यालय साँघुरो भयो:**
कार्यालय साँघुरो भएपनि जनताको काम रोकिएको छैन । जनसंख्या नै छैन । यति जनसंख्यालाई सेवा दिन यत्तिको कार्यालय पर्याप्त छ । तैपनि नयाँ कार्यालय निर्माणको काम भैरहेको छ ।

**वडामा वडा सचिव बस्ने व्यवस्था होस्:**
एकै पटक सबै सुधार गर्न गाह्रो छ । हामी बामे सर्दैछौं । विस्तारै सबै समाधान हुन्छ । अहिले छार्काबाट काम भएको छ । अन्यत्र पनि विस्तार गर्छौं ।

**बेलाबेलामा घुम्ती शिविर सञ्चालन गरिदिए सहज हुन्थ्यो:**
इन्टरनेट र विद्युतका कारण घुम्ती शिविर चलाउन सकिएको छैन । २ वर्षअघि चलाएको हो, प्रभावकारी पनि भएको थियो । सुझाव अनुसार आगामी वर्ष योजनामा राखौंला ।

**मौसम बिग्रिँदा कार्यालयको काम नै ठप्प हुन्छ:**
कुरा सही हो । मुकोटमा लघु जलविद्युत बन्दैछ । असारपछि समस्या समाधान हुन्छ । त्यसअघि पनि कुनै ब्याकअप राख्न सकियो भने सल्लाह गर्छौं ।

dnaNEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd: 2074

**भाषिक समस्या र अशिक्षाका कारण काम गर्न समस्याः**

कर्मचारीहरु भोट भाषा बोल्न जान्दैनन्, यहाँका नागरिक कतिपयले नेपाली पनि बुझ्दैनन् । यो समस्या पहिलेदेखि नै भैरहेको छ । तर पनि सहजीकरण नभएको होइन, सक्दो प्रयास गरेका छौं ।

**ढुवानी गर्दा स्थानीय खच्चड व्यवसायीलाई प्राथमिकता दिनुपर्‍योः**

ढुवानीमा सकेसम्म स्थानीयलाई नै प्राथमिकता दिइएको छ । कहिलेकाहीँ स्थानीयले नसकेको बेला बाहिरका मान्छेबाट काम चलाएका हौं । स्थानीयमा पनि पालो लगाएर सबैलाई ढुवानीको सुविधा दिन्छौं ।

**रोजगारी दिने भनेर निवेदन माग्छ, तर रोजगारी चाहिँ दिँदैनः**

सबैले एकैपटक काम पाउने होइन । योजना अनुसार सूचीकृत भएकै बेरोजगारलाई अवसर दिइएको छ । यो सबै सिस्टमबाट हुने हो, कर्मचारी वा जनप्रतिनिधिले गरेको होइन ।

**औषधीको म्याद निकै कम मात्रै हुन्छः**

त्यस्तो छैन । औषधी ल्याउँदा म्याद धेरै भएकै हेरेर ल्याएका छौं । तर प्रयोग गर्दा ढिलो भएकोले म्याद कम भएको हुन सक्छ । तर खरिदमा समस्या छैन ।

**धारा त पुगेको छ, तर धारामा पानी आउँदैनः**

सबै काम पालिकाले नै गरिदियोस् भन्ने भावनाबाट बाहिर निस्किनुपर्छ । धारा पुर्‍याउने काम पालिकाले गर्ने हो । पानी पनि झरेकै हो । मर्मत सम्भार नगरेर अहिले पानी आएन । नागरिकले पनि आफूले प्रयोग गर्ने धारा मर्मत आफैले गर्न सक्नुपर्छ । पालिकाको मात्रै मुख ताक्ने बानी राम्रो होइन । नभए केही शुल्क उठाएर कर्मचारी राखेर समाधान गर्न सकिन्छ । नागरिक पनि दायित्वबाट भाग्न भएन ।

**मोवाइल टावरले काम नगर्दा कहिलेकाहीँ साह्रै दुख पाइन्छः**

प्रयास गरिरहेका छौं । अहिले पनि टावर बनाउन नेपाल टेलिकमबाट मान्छेहरु आएका छन् । यो २-४ दिनमा समाधान होला ।

**योजनाहरुमा होर्डिङ बोर्ड किन राखिएको छैनः**

यो वर्षदेखि सबै योजनामा होर्डिङ बोर्ड अनिवार्य गरिएको छ । योजनाहरुमा बोर्ड देख्न सकिन्छ । कतै रहेनछ भने राख्नका लागि निर्देशन दिन्छौं ।

**उपभोक्ता समितिसँग सम्झौता भएका योजना पनि ठेक्का दिइएको छः**

यसरी ठेक्का दिन पाइँदैन । समितिसँग सम्झौता भएको काम समितिले नै गर्नुपर्छ । पालिकाले सानातिना कामहरु समितिबाट गराएर रोजगारी सिर्जना गर्ने उद्देश्य हो । ठूला र उपकरण प्रयोग गर्नुपर्ने कामहरु भने ठेक्का मार्फत नै गर्नुपर्छ । अरु काम समितिले गर्छ ।

**सम्झौता अनुसारको भुक्तानी पाइँदैनः**

तोकिएको परिमाणमा काम भएको छ भने रकम काटिएको छैन । काम नै नगरी रकम पाइँदैन । जतिमा सम्झौता भएको हो, त्यो स्टिमेट अनुसारको काम गर्नैपर्छ ।

**योजनाका स्टिमेट बुझिने भाषामा लेखिदिनुपर्‍योः**

स्टिमेट बुझिने भाषामा नलेखेपनि बुझाउने प्राविधिक वडावडामा खटाएका छौं । कतिपय स्टिमेटका भाषा अंग्रेजीमै लेख्नुपर्ने र नेपालीमा लेख्दा अन्यथा अर्थ लाग्ने भएकोले नेपालीकरण गर्न नसकेको हो । जे होस्, प्राविधिकले नबुझेका कुरा बुझाइरहेका छन् । यसमा समस्या छैन ।

**पशुका औषधी अलि पर्याप्त ल्याउनुपर्‍योः**

बजेट कम भएर नल्याइएको हो । कतिपय अवस्थामा हाम्रो पालिकाभित्र कति पशु चौपाया छन्, कति औषधी आवश्यक पर्छ भन्ने पनि थाहा नभएर हो । यो वर्ष प्राविधिकहरु गाउँगाउँमा खटिएका छन् । तथ्यांक संकलन भैरहेको छ । आगामी वर्ष तथ्यांककै आधारमा औषधी खरिद गर्छौं । समस्या हुँदैन ।

**पालिकामा ल्याउने फर्निचरका सामानहरु स्थानीय सामग्रीको प्रयोगलाई बढाउनुपर्‍योः**

बाहिरबाट ल्याउनैपर्ने केही सामान बाहेक सक्दो सामग्री स्थानीय रुपमै प्रयोग गरिएको छ । पालिकाको प्राथमिकता नै स्थानीय उत्पादनको प्रयोग बढाउने हो ।

**न्यायिक समितिलाई सक्रिय बनाउनुपर्‍योः**

न्यायिक समितिमा मुद्दा हाल्न खासै मान्दैनन् । सकेसम्म मेलमिलापबाटै विवाद मिलाउन खोज्छन् । एक हिसावले त्यो राम्रो पनि हो । समस्या छ भने मुद्दा हाल्नुस्, न्यायिक समितिमा कर्मचारी मार्फत उजुरी दिन सक्नुहुन्छ ।


**गाउँमा विद्यार्थी बस्नै मान्दैनन्:**


पालिकाभित्र एउटा मावि स्तरको आवासीय विद्यालय बनाउने कि भन्ने सोचाइ छ । तपाईंहरुले पनि साथ दिनुस् । आवासीय भयो भने पढाई पनि राम्रो हुन्छ । यो प्रक्रियामा पालिका लागेको छ ।


dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd 2074


## अनुसूची ८


## सार्वजनिक सुनुवाइ कार्यक्रमको उपस्थिति














समाप्त।

dna NEPAL
SAHAMAT MEDIA (P.) LTD.
Pokhara Lekhnath-8, Simalchour, Kaski
Estd 2074